**भारतीय राजदूतावास**
**काठमाडौं**

**प्रेस विज्ञप्ति**

भारत सरकारद्वारा नेपालका विभिन्न जिल्लामा रहेका सरकारी तथा गैरनाफामूलक संघ संस्थाहरुलाई ३९ वटा एम्बुलेन्स तथा ६ वटा स्कुल बस उपहारस्वरुप प्रदान

काठमाडौंस्थित भारतीय राजदूतावासले स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा काम गरिरहेका नेपालका विभिन्न सरकारी तथा गैरनाफामूलक संघ संस्थाहरुलाई २०७८ वैशाख ९ गतेका दिन ३९ वटा एम्बुलेन्स तथा ६ वटा स्कुल बस उपहारस्वरुप प्रदान गर्यो । यी संघ संस्थाहरु नेपालका विभिन्न जिल्लामा छरिएर रहेका छन्। ग्रामीण क्षेत्रमा स्वास्थ्यको पहुँच विस्तार गर्न भारतीय राजदूतावासले लामो समयदेखि नेपालका सरकारी तथा गैरनाफामूलक संस्थाहरुलाई प्रत्येक वर्ष एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरुप प्रदान गर्दै आएको छ । यी एम्बुलेन्स र स्कुल बसको हस्तान्तरण हाल सञ्चालन भइरहेको 'India@75' उत्सवको एक हिस्साको रुपमा रहेको छ ।

२. सन् १९९४ यता भारतीय राजदूतावासले आजको समेत गरि हालसम्म झण्डै ८६२ वटा एम्बुलेन्स प्रदान गरिसकेको छ। यो वर्ष राजदूतावासले Advance Life Support, Basic Life Support र Common Life Support गरि तीन किसिमको एम्बुलेन्स प्रदान गरेको छ। यी एम्बुलेन्सहरु नेपाल सरकारले तोकेको मापदण्ड अनुरुप निर्माण गरिएका हुन्।

३. त्यसैगरि राजदूतावासले आज प्रदान गरिएका ६ समेत गरि हालसम्म १६६ वटा स्कूल बस उपहारस्वरुप उपलब्ध गराइसकेको छ।

४. स्वास्थ्य सेवा त्यसमा पनि विशेष गरि आपतकालीन स्वास्थ्य सेवा र विद्यार्थीहरुको विद्यालयसम्मको पहुँचलाई सहज बनाउन नेपाल सरकारको प्रयासमा भारत सरकारले निरन्तर सहयोग गर्दै आएकोमा आज पनि थप एम्बुलेन्स तथा स्कुल बस उपहारस्वरुप प्रदान गरेको हो।

काठमाडौं नेपाल
२०७८ वैशाख ९ गते